# पालहरू, मन्दिरहरू र दरबारहरू



Tents, Temples, Palaces

Nepali

CS 2221

# पालहरू, मन्दिरहरू र दरबारहरू

## (Tents, Temples and Palaces)

लेखकः रिक सि. हावार्ड

अनुवादकः बाल कृष्ण शर्मा

---

स्वयम्–अध्ययन पाठ्यपुस्तक

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

© २००४ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रतिः २०००

ICI University
First Edition (Nepali) 2004
Tents, Temples and Palaces

Published by
ICI University
PO Box 4245
Kathmandu, Nepal

# विषय-सूची

पृष्ठ

पाठ्यपुस्तकको परिचय ...... ५

**एकाइ एकः** *शुरूवात्‌हरूको इतिहास*

पाठ

१. परमेश्वरका उपायहरू र परमेश्वरका वचनहरू... १६

२. मानवजातिको इतिहास ...... ४०

३. चुनिएका मानिसहरूको इतिहास ...... ६८

४. विश्वास र आराधनाको इतिहास ......९८

**एकाइ दुइः** *प्रतिज्ञाको भूमिमा जिउनु*

५. परमेश्वरका मानिसहरूका निम्ति घर ......१३८

६. संयुक्त राज्य ......१७४

७. राज्य युगका लेखाइहरू ......२०२

८. विभाजित राज्य ...... २२४

**एकाइ तीनः** *विनाश र पुनर्निर्माण*

९. न्याय र कब्जा ......२५६

१०. फर्काइ र पुनर्स्थापना ......२७६

शब्दकोश ......२९८

स्वयम्-जाँचका उत्तरहरू ......३०४

परिशिष्ट ...... ३१०

विद्यार्थी एकाइ प्रतिवेदनहरू...... ३१५

उत्तरपृष्ठहरू ...... ३३१

# आई सी आई ख्रीष्टियान सेवा कार्यक्रम

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमका १८-वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बायाँपट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढ़िनुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६-६-वटा पुस्तक गरी तीन खण्डमा विभाजित गरिएको छ। *पालहरू, मन्दिरहरू र दरबारहरू: पुरानो करार सर्वेक्षण* भनिने यो पुस्तक भाग २ को दोस्रो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फाइदा उठाउन सक्नुहुनेछ।

ख्रीष्टियान सेवा क्रार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचो पर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पुस्तक प्रमाण-पत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ।

**ध्यान दिनुहोस्**

कृपया पाठ्यपुस्तकको परिचयलाई बड़ो होशियारसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्त्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी-पत्रहरू आई सी आई-को ठेगानामा पठाउनुहोस्।

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

# पाठ्यपुस्तक परिचय

**परमेश्वरका मानिसहरूका बारेमा सिक्नुहोस्**

यस पाठ्यपुस्तकमा तपाईंले संसारमा अति महत्त्वपूर्ण पुस्तक, पवित्र बाइबलको पहिलो भाग– पुरानो करारलाई अध्ययन गर्नुहुनेछ। पुरानो करारले स्वर्ग र पृथ्वीका सृष्टिकर्ताको बारेमा बताउँछ। संसारलाई आशिष दिनका लागि औजारका रूपमा उहाँले छान्नुभएका मानिसहरूः *परमेश्वरका मानिसहरूसँग* भएको उहाँको व्यवहारको विवरण यसले दिन्छ।

पुरानो करार कसरी तपाईंको निम्ति परमेश्वरको सन्देश हो भनी पत्ता लगाउनका लागि तपाईंलाई मद्दत गर्न परिचयात्मक पाठलाई पहिलो एकाइमा उल्लेख गरिएको छ। यसलाई कसरी सुरक्षित राखियो र यो कसरी हामीकहाँ आइपुगेको छ भन्ने सम्बन्धमा केही चाखलाग्दा तथ्यहरूलाई तपाईंले यहाँ भेट्टाउनुहुनेछ। यस एकाइका बाँकी पाठहरूमा परमेश्वरले कसरी मानवजातिलाई सृष्टि गर्नुभयो र तिनीहरूकहाँ आफैलाई कसरी प्रकट गर्नुभयो भन्ने बारेमा तपाईंले सिक्नुहुनेछ। परमेश्वरले आफ्नै निम्ति विशेष मानिसहरूलाई कसरी बोलाउनुभयो र शक्तिशाली आश्चर्यकर्महरूद्वारा तिनीहरूलाई कसरी छुटकारा दिनुभयो भन्ने कुरालाई तपाईंले देख्नुहुनेछ। उहाँलाई आराधना गर्नका लागि उहाँले तिनीहरूलाई कसरी सिकाउनुभयो भन्ने सम्बन्धमा पनि तपाईंले जान्नुहुनेछ।

दोस्रो एकाइमा तपाईं प्यालेस्टाइन देशसँग परिचित हुनुहुनेछ, जुन देश परमेश्वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञा गर्नुभएको थियो। दिइएका मानचित्रहरू र तालिकाहरूका आधारमा तपाईंले यसका मुख्य विशेषताहरूलाई बुझ्न थाल्नुहुनेछ। परमेश्वरका मानिसहरू यस भूमिमा प्रवेश गर्दा, यसलाई कब्जा गर्दा र अन्त्यमा संसारका राज्यहरूका माझमा तिनीहरू आफैलाई स्थापित गर्दा तपाईंले तिनीहरूलाई पछ्याउनुहुनेछ। परमेश्वरप्रतिको आज्ञाकारिताको जीवन जिउँदा तिनीहरूमाथि प्रकट भएका महान्ता र सुन्दरताको बारेमा पनि तपाईंले सिक्नुहुनेछ।

परमेश्वरप्रतिको तिनीहरूको अनाज्ञाकारिताको कारण परमेश्वरले कसरी मानिसहरूलाई तिनीहरूका भूमिबाट निर्वासित गर्नुभयो भन्ने

विषयमा तपाईंले एकाइ तीनमा देख्नुहुनेछ। यो हृदयविदारक असफलता थियो। तर परमेश्वर निरन्तररूपमा तिनीहरूसँग कसरी बोल्नुभयो भन्ने कुरा पनि तपाईंले पत्ता लगाउनुहुनेछ। उहाँले कसरी तिनीहरूलाई तिनीहरूका भूमिमा फर्काएर ल्याउनुभयो र विनाश भएका कुराहरूलाई पुनर्स्थापित र पुनर्निर्माण गर्न तिनीहरूलाई कसरी प्रेरणा दिनुभयो भन्ने कुरालाई पनि तपाईंले देख्नुहुनेछ। तिनीहरूको इतिहासमा यो विशेष समयलाई तपाईंले विचार गर्नुहुँदा आज्ञाकारिताको महत्त्वपूर्णता र पुनर्स्थापनाको सम्भावनाको बारेमा तपाईंले मूल्यवान् पाठहरू सिक्नुहुनेछ।

यस पाठ्यपुस्तकले तपाईंलाई पुरानो करार बुझ्नका लागि मात्र होइन तर नयाँ करार बुझ्नका लागि पनि मद्दत गर्नेछ, किनकि नयाँचाहिँ पुरानोको परिपूर्ति हो। परमेश्वरका मानिसहरूको इतिहासको सम्बन्धमा भएको तपाईंको अध्ययनले परमेश्वरका उपायहरूका बारेमा भएको तपाईंको ज्ञान, परमेश्वरको वचन र उहाँसँगको तपाईंको हिँड़ाइलाई बलियो तुल्याउनेछ।

## पाठ्यपुस्तकको विवरण

*पालहरू, मन्दिरहरू र दरबारहरूले* विद्यार्थीहरूलाई पुरानो करारको परिचय दिन्छ। परमेश्वरका शक्तिशाली कामहरू र ती कामहरूका सम्बन्धमा उहाँले दिनुभएका अगमवाणीक शब्दहरूमा विशेष ध्यान दिई परमेश्वरका मानिसहरूको इतिहासलाई यसले जोड़ दिन्छ। यसले परमेश्वरका मानिसहरूको अनुभवको क्रम र अर्थलाई उल्लेख गर्छ। उहाँसँगको तिनीहरूको सम्बन्ध र तिनीहरूका सफलता र असफलताका बारेमा यसले मूल्याङ्कन गर्छ। उनमा भएको बाइबलको बुझाइ, परमेश्वरसँगको उनको हिँड़ाइ, र उहाँको निम्ति उनको सेवाका सम्बन्धमा उनलाई सहायता पुऱ्याउन विद्यार्थीले पुरानो करारबाट धेरै सत्यताहरू पत्ता लगाउनेछन्।

## पाठ्यपुस्तकका उद्देश्यहरू

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंलेः

१. पुरानो करारको अध्ययनबाट विश्वासीहरू आज किन लाभान्वित हुनसक्छन् सो व्याख्या गर्न सक्नुपर्नेछ।

२. प्यालेस्टाइन भूमिको विवरण दिई *परमेश्वरका मानिसहरूको* इतिहासमा भएका मुख्य घटनाहरूको वर्णन गर्न सक्नुपर्नेछ।

३. पुरानो करारमा भएका विभिन्न किसिमका लेखाइहरूको महत्त्वप्रति कृतज्ञ हुनसक्नुपर्नेछ।

४. पुरानो करारमा भेट्टाइएका परमेश्वर सम्बन्धका सत्यताहरूलाई तपाईंको जीवनमा प्रयोग गरी अरूहरूलाई सिकाउन सक्नुपर्नेछ।

**पाठ्यपुस्तकहरू**

रिक सी. हावार्डद्वारा लिखित *पालहरू, मन्दिरहरू र दरबारहरू* नामक यस पुस्तकलाई तपाईंले पाठ्यपुस्तक र अध्ययन सहयोगी दुवैका रूपमा प्रयोग गर्नुहुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पाठ्यपुस्तकचाहिँ केवल बाइबल मात्र हो। यस पाठ्यपुस्तकमा उद्धरण गरिएका खण्डहरू "नेपाल बाइबल सोसाइटीद्वारा प्रकाशन गरिएको संशोधित बाइबल १९९७" बाट हो।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो यस विषय शुरू गर्नुभन्दा पहिल्यै तपाईंले प्राप्त गर्नुभएको यस विषयसम्बन्धी ज्ञान र तपाईंको खूबीमा भरपर्छ। यदि तपाईंले पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस्।

**पाठ संगठन र अध्ययन नमूना**

प्रत्येक पाठमा यी भागहरू संलग्न गरिएका छन्ः १. पाठको शीर्षक, २. शुरूको वाक्य, ३. पाठको रूपरेखा, ४. पाठका उद्देश्यहरू, ५. सिक्ने क्रियाकलाप, ६. मुख्य शब्दहरू ७. अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८. स्वयम्-जाँच, र ९. अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्। यस पाठ्यक्रमको पाठ विकासले विषयवस्तुलाई एक-एक गरी अध्ययन गर्न सजिलो पार्छ। तपाईंले जहिले समय पाउनुहुन्छ, यस पाठ्यक्रमलाई खण्ड-खण्ड गरी अध्ययन गर्न सक्नुहुन्छ र यसरी पूरै पाठ एकै चोटि सक्ने समय नपाउञ्जेलसम्म पर्खिरहनुपर्दैन। पाठका उद्देश्यहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन यस पाठ्यपुस्तकमा टिप्पणीहरू, अभ्यासहरू र उत्तरहरू संलग्न गरिएका छन्।

पाठ विकासमा भएका केही अध्ययन प्रश्नहरूका उत्तरहरूलाई यसै स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका खाली ठाउँमा नै लेख्न सकिन्छ, र अन्य प्रश्नहरूका उत्तरहरूचाहिँ अर्कै अभ्यास-पुस्तिकामा लेखिनुपर्छ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा शीर्षक र संख्यालाई लेख्नुहोस्। तपाईंले एकाइ मूल्याङ्कनहरू गर्नुहुँदा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

*तपाईंले आफ्नै उत्तर दिनुभन्दा पहिले पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई नहेर्नुहोस्।* यदि तपाईंले आफ्नै उत्तरहरू दिनुभयो भने, तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग आफ्नो मनमा राख्न सक्नुहुन्छ। अध्ययन प्रश्नहरूका उत्तर दिनुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूलाई दाँज्नुहोस्। तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्नुहोस्। उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन् र यसरी तपाईंले अर्को उत्तरलाई हेर्न सक्नुहुन्न।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तपाईंको ज्ञान र ख्रीष्टियान सेवालाई विकास र उन्नति गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्। प्रस्तावित क्रियाकलापहरूले तपाईंलाई सिद्धान्तबाट व्यवहारमा जानको लागि सहायता पुऱ्याउनेछन्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

*ठीक उत्तर चुन्नुपर्ने* प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

१ बाइबलका कतिओटा पुस्तकहरू छन्?

क. १०० पुस्तकहरू

ख ६६ पुस्तकहरू

ग २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा पुस्तकहरू* हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा ख.-को वरिपरि घेरा लगाउनुहोस्।

१ बाइबलमा कतिवटा पुस्तकहरू छन्?

क. १०० पुस्तकहरू

(ख) ६६ *पुस्तकहरू*

ग २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने *ठीक* उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

*ठीक-बेठीक* प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन *ठीक* हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

२ तल दिइएका कुन-कुन बयानहरू *ठीक* छन्?

क. बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

(ख.) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

ग. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

(घ.) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** *ठीक* छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

*जोड़ा मिलाउने* प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

३ प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | |
|---|---|
| ९ क. सीनै पर्वतमा व्यवस्था पाएको | १. मोशा |
| २ ख. इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २. यहोशू |
| २ ग. यरीहो शहरको वरिपरि घुमेको | |
| ९ घ. फारो राजाको दरबारमा बसेको | |

**क.** र **घ.**-मा दिइएको बयान मोशाको जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाएजस्तै तपाईंले **१.** संख्या **क.** र **घ.**-को पछाड़ि र **२.** संख्या **ख.** र **ग.**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

## यस पाठ्यक्रमलाई अध्ययन गर्ने तरीकाहरू

यदि तपाईं आफैले नै यस आई सी आई पाठ्यक्रमलाई अध्ययन गर्नुभयो भने, हुलाकद्वारा नै तपाईंले यसलाई पूरा गर्न सक्नुहुन्छ। तपाईं आफैले नै अध्ययन गर्न सक्नुहोस् भन्ने हेतुले आई सी आई-ले यस पाठ्यक्रम तयार गरेको भए तापनि, तपाईंले समूह वा कक्षामा पनि यसलाई अध्ययन गर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूह वा कक्षामा अध्ययन गर्नुभयो भने, यस पाठमा भएकाभन्दा अझ धेरै निर्देशनहरू तपाईंका शिक्षकले दिनुहुन्छ होला। यदि यसो हो भने उहाँका निर्देशनहरूलाई पालन गर्नुहोस्।

हुन सक्छ तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययनमा, मण्डली (एकलेसिया)-को कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्न चाहनुहुन्छ होला। यी उद्देश्यहरूका निम्ति विषयवस्तु र अध्ययन प्रणाली अति नै उपयुक्त छन् भन्ने कुरा तपाईंले देख्नुहुनेछ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाण-पत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ। आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्।

## प्रमाण-पत्र

तपाईंका आई सी आई निर्देशकद्वारा यस पाठको समाप्ति र अन्तिम विद्यार्थी प्रतिवेदन छनोटपछि तपाईंलाई सुन्दर प्रमाण-पत्र पठाइनेछ।

## यस पुस्तकका लेखक

रिक सि. हावार्ड रेडउड सिटी, क्यालिफोर्नियामा पेनिनसुला ख्रीष्टियान सेन्टरका पास्टर हुनुहुन्छ। उहाँ सन १९६१ मा एसेम्ब्लीज अफ गडद्वारा अभिषिक्त हुनुभएको थियो। उहाँले बोस्टनमा रहेको नर्थइस्टर्न युनिभर्सिटी, स्प्रिङ्गफिल्ड, मिसौरीमा रहेको इभाञ्जेल कलेज, क्यालिफोर्निया स्कट भ्यालीमा रहेको बेथानी कलेजमा प्रध्यापनको सेवा गर्नुभयो। उहाँले एसेम्ब्लीज अफ गड महापरिषदको निम्ति राष्ट्रिय कलेज युवा प्रतिनिधिका रूपमा पनि सेवा गर्नुभयो।

लेखक, सम्पादक र बाइबल प्रशिक्षकका रूपमा प्रशस्त अनुभवबाट उहाँले यस पाठ्यपुस्तक लेख्नुभएको छ। उहाँले लेख्नुभएका पुस्तकहरूमध्ये केही यी हुन्ः *ख्रीष्टको न्यायासन, विजयताको निम्ति रणनीति, शुरूको मण्डलीको गुमेको सुत्र, जीवनबाटका गीतहरू।* उहाँले *ख्रीष्टियान परिपक्वता* भनिने आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमको पुस्तकलाई पनि लेख्नुभएको हो। शिक्षक र प्रचारकका रूपमा उहाँले विश्वका विभिन्न देशहरूमा यात्रा गर्नुभएको छ।

उहाँले पेन्सिलभेनियाको ग्रोभ सिटी कलेजबाट बि.ए. डिग्री र मेम्फिस युनिभर्सिटी, मेम्फिसबाट इतिहास विषयमा एम.ए. डिग्री हासिल गर्नुभएको छ।

**तपाईंका आई सी आई निर्देशक**

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोबस्त मिलाउनको लागि उहाँसँग बिन्ती गर्नुहोस्।

*पालहरू, मन्दिरहरू र दरबारहरू* भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउने छ।

# तपाईंका बुँदा टिपोटको निम्ति